स्थानीय सरकार

# खाँडादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप

बागमती प्रदेश, नेपाल

प.स. २०८३/०८४

मिति :२०८३/०६/१५

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८३/०६/१५**

खाँडादेवी गाउँपालिकाको आ.व. ०८३/०८४ पशुपक्षी सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रम **बाख्रा खोर निर्माण कार्यक्रम** संचालनको लागि ईच्छुक कृषकहरूले यो सूचना प्रकाशित मितिले पन्ध्रौं दिन (२०८३/०६/२९ गते) भित्र निम्न कागजातहरु संग्लन राखी सम्बन्धित **वडा कार्यालय वा पशु सेवा शाखा**मा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

**आवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरुः**

१. अनुसुची १ अनुसारको आवेदन फारम
२. अनुसुची २ अनुसारको प्रतिवद्दता पत्र
३. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
४. अनुसुची ४ अनुसारको स्व घोषणा पत्र
५. नेपाली नागरिकता र विगत ३ वर्षमा कुनै सरकारी कार्यालयबाट बाख्राको खोर निर्माणको लागि अनुदान प्राप्त नभएको वडाको सिफारिस
६. जग्गाधनी प्रमाण पुर्जी लिज-भाडा, ठेक्का, अधियामा भए कम्तिमा ३ वर्षे सम्झौतापत्र।

**पुनश्चः**

- **पशु सेवा शाखाले उपलब्ध गराउने प्रोत्साहन रकमको हिस्साः** बढीमा ५०% वा २०,०००(अक्षरेपी रु. बीस हजार) रहनेछ।
- **खोर निर्माण गरिसक्नु पर्ने समयः** सम्झौता भएको मितिले ३ महिनासम्म
- **हालसालै निर्माण गरेको नया खोर भएतापनि सो खोरको अनुदान रकमको लागि, पुरानो खोरको मर्मतको लागि आवेदन दिएमा त्यस्तो आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन।**
- **विगत ३ वर्षमा कुनै सरकारी कार्यालयबाट बाख्राको खोर निर्माणको लागि अनुदान प्राप्त भएको किसानको आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन।**

.................................

प्रमुख प्रशासकीय अधिकृत

युगेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत